# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय

हेटौंडा, मकवानपुर


पत्र संख्या :- ०७९/०८०

चलानी नं. :- १६३३/30129

मिति २०७९/०९/२४

विषयः- निबन्ध लेखन प्रतियोगिता सम्बन्धमा।

श्री नगरपालिका/गाउँपालिका,
नगर/गाउँ कार्यपालिकाको कार्यालय (सबै)
(रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, धादिङ, रसुवा, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा, काठमाण्डौ, भक्तपुर र ललितपुर)

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३२ औं स्थापना दिवस (२०७९/१०/२८) को अवसरमा निबन्ध लेखन प्रतियोगिता आयोजना गरिने भएकोले आयोगको मिति २०७९/०९/१८ गते गोरखापत्रमा प्रकाशित सूचना अनुसार तहाँ नगरपालिका/गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा अध्ययनरत कक्षा ९ देखि कक्षा १२ सम्मका विद्यार्थीको सहभागिताको लागि सम्बन्धित विद्यालयहरुलाई सूचना सम्प्रेषण गरी आवश्यक सहयोग गरिदिनुहुन अनुरोध छ। साथै तहाँ गाउँपालिका/नगरपालिकामा रहेका माध्यमिक विद्यालयहरुको नाम र इमेल, प्रधानाध्यापकको नाम र सम्पर्क नम्बर ७ **(सात)** दिनभित्र उपलब्ध गराइदिनुहुन समेत आदेशानुसार अनुरोध छ।

**तपसिल**

१.निबन्धको शीर्षकः **"भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन"** (द्रष्टव्यः निबन्ध मौलिक र अप्रकाशित हुनुपर्नेछ)
२.निबन्धको शब्द सीमाः निबन्ध २५०० देखि ३००० शब्दमा नबढाई लेख्नुपर्नेछ।
३.निबन्धको भाषाः निबन्ध नेपाली भाषामा लेख्नुपर्नेछ।
४.सहभागी हुन पाउने विद्यार्थीः कक्षा ९ देखि कक्षा १२ सम्म नियमित अध्ययनरत हुनुपर्नेछ।
५.प्रतियोगितामा सहभागी हुने प्रक्रियाः प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीले आफूले लेखेको निबन्ध साथ आफ्नो नामथर, ठेगाना, विद्यालयको नाम र ठेगाना, अध्ययनरत कक्षा र सम्पर्क नम्बर उल्लेख गरी विद्यालयबाट आयोगको यस कार्यालयलाई सम्बोधन गरी लेखेको सिफारिस पत्र समेत संलग्न गर्नुपर्नेछ।
६.निबन्ध आइपुग्नुपर्ने अन्तिम मितिः मिति २०७९/१०/०६ गतेसम्म कार्यालय समयभित्र लिखित प्रति वा सफ्टकपि यस कार्यालयमा वा यस कार्यालयको इमेल ठेगाना ciaamro@gmail.com मा पठाई सक्नुपर्नेछ। इमेल पठाउँदा विषयमा "Essay Competition" वा "निबन्ध प्रतियोगिता" राखी पठाउनुहुन अनुरोध छ ।
७.मिति २०७९/१०/०६ गतेसम्म प्राप्त हुन आएका निबन्धको लिखित प्रति वा सफ्टकपिलाई यस कार्यालयमा गठन भएको विज्ञ सम्मिलित मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरिनेछ। यस कार्यालयको प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने १/१ जनालाई क्रमशः रु. १२,०००।-, रु. ९,०००।- र रु. ७,५००।- का दरले पुरस्कृत गरिनेछ।
८.कार्यालयस्तरीय मूल्याङ्कन समितिको मूल्याङ्कनको आधारमा प्रथम हुने निबन्धलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मूल्याङ्कन समितिबाट छनौट गरिने सर्वोत्कृष्ट निबन्धका लागि पठाईनेछ। सर्वोत्कृष्ट निबन्धको रुपमा छनौट भएमा मिति २०७९/१०/२८ गते आयोगको कार्यालय टंगालमा आयोजित ३२ औं स्थापना दिवसको कार्यक्रममा नगद रु. २५,०००।– (पच्चीस हजार) र प्रमाणपत्र सहित पुरस्कृत गरिनेछ। सो कार्यक्रममा सर्वोत्कृष्ट भई सहभागी हुन जाने विद्यार्थी र निजको एकजना अभिभावकलाई भ्रमण खर्च नियमावली, २०६४ को नियम ५ को उपनियम १ को (घ) बमोजिमको सुविधा उपलब्ध हुनेछ।
९. प्रतियोगिता सम्बन्धमा थप जानकारीको लागि यस कार्यालयको फोन नम्बर ०५७-५२३२७७ वा विद्यालय निरीक्षक इन्द्र प्रसाद भट्टराईको मोबाइल नम्बर ९८४३५९०४१३ मा सम्पर्क गर्न सकिनेछ।

2079/09/24

(मोहदत्त भट्ट)
सि.डि.ई.